# ख्रीष्टियान विश्वास

# विषयवस्तु

## परीक्षाको उत्तर कुन्जी

shepherds
GLOBAL CLASSROOM

# पाठ १

# परमेश्वरको पुस्तक

(१) सामान्य प्रकाश भनेको के हो?

परमेश्वरले आफ्नो सृष्टिद्वारा आफू लाई जसरी प्रकट गराउनुभ एको छ त्यसैलाई सामान्य प्रकाश भनि न्ःछ।।

(२) विशेष प्रकाशलाई परमेश्वरले कुन दुई तरिकाले प्रदान गर्ःननु भएको छ?

- अभिप्रेरित वचन
- उहाँको पुत्र येशु

(३) सामान्य प्रकाशले नसक्ने तर विशेष प्रकाशले सक्ने तीन ओटा कुराहरू के-के हुन्?

- यसले परमेश्वरको वर्णन गर्दछ।
- यसले पतन र पापको व्याख्या गर्दछ।
- यसले परमेश्वरसँग मेलमिलाप हुने बाटो देखाउँछ।

(४) बाइबलले आफ्नो लागि के दाबी गर्छ?

यो परमेश्वरको वचन हो।

(५) बाइबल परमेश्वरको वचन हो भनी हामीलाई थाहा भएको छ वटा कारणहरू सूचीबद्ध गर्नुहोस्।

- हजारौं बाइबलीय तथ्यहरू पुष्टि भएका छन्।
- बाइबलको कुनै पनि भनाइलाई अस्वीकार गरिएको छैन।
- बाइबल आफैं मा विरोधाभास छैन।
- सुसमाचार यसको प्रभावहरूद्वारा प्रमाणित छ।
- परमेश्वरको आत्मा बाइबल मार्फ त बोल्नुहुन्छ।
- बाइबलले परमेश्वरसँगको हाम्रो सम्बन्धलाई मार्गदर्शन दिन्छ।

(६) सिकाउन, हप्काउन, सुधार गर्न र धार्मिकताको तालिम दिन बाइबल किन लाभदायक छ? (२ तिमोथी ३:१६)।

किनभने यो परमेश्वरबाट अभिप्रेरित छ।

(७) लेखकहरूलाई भूल गर्नबाट जोगाइएको थियो भनेर विश्वास दिलाउन बाइबलको प्रेरणाले कस्तो विवरण दिँदछ?

“...पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरूले परमेश्वरको तर्फबाट बोलेका हुन्” (२ पत्रुस १:२१)।

(८) परमेश्वरले प्रयोग गर्नुभएको प्रेरणाका चार तरिकाहरू सूचीबद्ध गर्नुहोस्।

- सुन्न सकिने आवाजमा
- सपनाहरू
- दर्शनहरू
- श्रुतिलेखन

(९) बाइबल अभिप्रेरित भएको भन्नाले के बुझिन्छ?

बाइबल अभिप्रेरित छ पूर्णतया परमेश्वरको वचन हो, प्रयोग गरिएका हरेक शब्दहरू पनि।

(१०) बाइबल अचुक छ भन्नुको अर्थ के हो?

- यो असफल हुन सक्दैन।
- यसलाई विश्वास गर्न सकिन्छ।
- यसले हामीलाई कहिल्यै बहकाउने छैन।

(११) बाइबल त्रुटिरहित छ भन्नुको अर्थ के हो?

यसको हरेक कथनमा यो सठीक छ।

# पाठ २

# परमेश्वरका गुणहरू

(१) मानिसको सबैभन्दा महत्त्वपूर्ण विशेषता के हो?

उसको परमेश्वर प्रतिको अवधारणा

(२) धर्मशास्त्रको पहिलो पाठ के हो?

परमेश्वर अस्तित्वमा भएका सबैको सृष्टिकर्ता हुनुहुन्छ।

(३) प्रत्येक भनाइसँग मेल खाने परमेश्वरको विशेषताको नाम उल्लेख गर्नुहोस्:

- परमेश्वर कस्तो देखिनु हुन्छ भनेर हामी वर्णन गर्न सक्दैनौं: आत्मा
- परमेश्वर सधैं अस्तित्वमा हुनुहुन्छ: अनन्त
- परमेश्वरसँग बौद्धिक क्षमता, भावना र इच्छा छ: व्यक्तिगत
- परमेश्वर सधैं एकनास हुनुहुन्छ: अपरिवर्तनीय
- परमेश्वरले जे गर्न रोज्नुहुन्छ त्यो गर्न सक्नु हुन्छ: सर्वशक्तिमान्
- परमेश्वरले सबै कुरा देख्नु हुन्छ: सर्वव्यापी
- हामीले दया गर्न सकौं भनेर परमेश्वरले आफ्नो पुत्र पठाउनुभयो: प्रेम
- परमेश्वर स्वभावमा तीन व्यक्तिहरू हुनुहुन्छ: त्रिएक
- परमेश्वरसँग नैतिक सिद्धता छ: पवित्र
- परमेश्वरले कहिल्यै केही सिक्नुहुन्न: सर्वज्ञानी
- परमेश्वर का कार्य हरु सग निष्पक्ष र न्यायपूर्ण हुन्छ: धर्मी

# पाठ ३

# त्रिएकत्व

(१) ब्रह्माण्डले परमेश्वरको स्वभावलाई कसरी चित्रण गर्छ?

ब्रह्माण्डमा तीनवटा पक्षहरू छन्- अन्तरिक्ष, समय र पदार्थ।

(२) त्रिएकत्वको सिद्‌धा न्तको लागि कुन तीनवटा बाइबलीय परिसरहरू आधार हुन्?

- त्यहाँ एक मात्र परमेश्वर हुनुहुन्छ।
- पिता, पुत्र र पवित्र आत्मा सबै जना परमेश्वर हुनुहुन्छ।
- यी तिन व्यक्ति एकअर्कासँग भिन्न व्यक्तिको रूपमा सम्बन्धित छन्।

(३) त्रिएक भित्रको सम्बन्धको संरचना कस्तो छ?

पिता शिर हुनुहुन्छ, त्यसपछि पुत्र, त्यसपछि आत्मा।

(४) परिवार वा मण्डलीको संरचना कसरी त्रिएकको संरचनासँग तुलना गर्न सकिन्छ?

परिवार वा मण्डलीका सबै सदस्यहरूको समान मूल्य हुन्छ, तर सबैसँग अधिकारको एउटै स्थान हुँदैन।

(५) त्रिएकमा विश्वास गर्ने हामीले कसलाई प्रार्थना गर्नुपर्छ?

- पितालाई, आत्मामा, पुत्रद्‌वारा
- पिता, पुत्र र आत्मालाई

(६) त्रिएकको बारेमा तीनवटा सामान्य गलत सिद्‌धान्तहरूको नाम दिनुहोस्।

- परमेश्वर साँच्चै त्यो व्यक्ति हुनुहुन्छ जसले विभिन्न भूमिकाहरू लिनुभएको छ।
- पिता, पुत्र र पवित्र आत्मा अलग-अलग व्यक्तिहरू हुनुहुन्छ
- त्रिएकको एक व्यक्ति अर्को भन्दा सानो छ

# पाठ ४

# मानव जाति

(१) उत्पत्ति १:२६-२७ अनुसार, मानिसहरू कसरी बाँकी सृष्टिभन्दा अद्‌वितीय छन्?

तिनीहरू परमेश्वरको स्वरूपमा बनाइएका छन्।

(२) मानिसमा परमेश्वरको स्वरूप शारीरिक समानता होइन भनी हामीलाई थाहा भएको तीन वटा कारणहरू उल्लेख गर्नुहोस्।

- परमेश्वर आत्मा हुनुहुन्छ।
- परमेश्वरको स्वरूपलाई व्यक्तिको जस्तो देखाउनु मूर्तिपूजा हो।
- मानिसहरूलाई भौतिक रूपमा पृथ्वीमा जीवनको लागि सृजना गरिएको हो

(३) मनुष्यत्वमा परमेश्वरको स्वरूपका सात तत्वहरू सूचीबद्‌ध गर्नुहोस्। (कुनै सात)

- सृजनात्मक प्रवृत्ति
- सोच्ने क्षमता
- संवाद गर्ने क्षमता
- सामाजिक प्राणी
- नैतिक चेतना
- छनौट गर्ने क्षमता
- अमरता
- प्रेम गर्ने क्षमता
- आराधना गर्ने क्षमता

(४) हामी कुन दुई मुख्य कारणका लागि परमेश्वरको स्वरूपमा सृष्टि भएका छौँ?

- परमेश्वरसँग सम्बन्ध राख्न
- उहाँको उपासना गर्ने

(५) नैतिक भावनाबाट कस्तो क्षमता आउँछ?

सही र गलतको अवधारणा बुझ्ने क्षमता

(६) वास्तविक छनोट गर्ने क्षमता भएका मानिसहरूको महत्त्व के हो? (कुनै एक)

- हामी परमेश्वरप्रति जवाफदेही छौं।
- हामी पश्चाताप र सुसमाचारमा विश्वास गर्न सक्छौं।

# पाठ ५

# पाप

(१) हामीले पाप बुझ्नु पर्ने तीनवटा कारणहरू सूचीबद्ध गर्नुहोस्।

- संसारको अवस्था थाहा गर्न
- अनुग्रह र मुक्ति बुझ्न
- पवित्रता बुझ्न

(२) पाप परमेश्वरको गल्ती थिएन भनेर हामीले कसरी थाहा पाउन सक्छौँ?

परमेश्वरले सबै कुरालाई त्रुटिरहित बनाउनुभयो।

(३) निम्न मध्ये प्रत्येकको एक-वाक्यमा परिभाषा दिनुहोस्: जानाजानी गरिने पाप, वंशानुगत भ्रष्टता, र अनजानमा हुने उल्लङ्घनहरू।

स्वेच्छाले गरिने पाप भनेको परमेश्वरको प्रकट गरिएको इच्छाको पूर्ण उल्लङ्घन हो।

वंशानुगत भ्रष्टता मानिसको नैतिक स्वभावको भ्रष्टता हो जसले उसलाई जन्मदेखि नै पापतिर झुकाउँछ।

अनायासै उल्लङ्घन भनेको दुर्घटना वा अज्ञानताद्वारा परमेश्वरको वचनलाई उल्लङ्घन गर्ने कार्यहरू हुन्।

(४) हामीले किन परमेश्वरको इच्छालाई अझ राम्र री बुझ्न र पालना गर्न चाहनुपर्छ?

- हामी परमेश्वरलाई मन नपर्ने कुनै पनि काम गर्न चाहँदैनौं।
- अनजानमा गरिएको भए तापनि गलत कामको नतिजा नराम्रै हुन्छ।
- ख्रीष्टियानको हैसियतमा हामीले असल उदाहरण हुनुपर्छ।
- यदि हामीले परमेश्वरको इच्छाबाट भाग्न खोज्यौं भने हामी पापको दोषी हुन्छौं।

# पाठ ६

# आत्मिक प्राणीहरू

(१) सामान्यतया स्वर्गदूतहरूको भौतिक शरीर हुँदैन भनेर हामी कसरी थाहा गर्छौं?

स्वर्गदूतहरू आत्मिक प्राणीहरू हुन्।

(२) स्वर्गदूतहरू कहिले बनाइएका थिए?

तिनीहरू पृथ्वीभन्दा अगाडि सृष्टि गरिएका थिए

(३) के स्वर्गदूतहरू मर्छन्?

स्वर्गदूतहरू कहिल्यै मर्दैनन्।

(४) स्वर्गदूतहरूको व्यक्तित्व छ भनेर हामीले थाहा पाउने चार तरिकाहरू उल्लेख गर्नुहोस्।

- तिनीहरू बोल्छन र कुराकानी गर्छन सक्छन्
- तिनीहरूले परमेश्वरको आराधना गर्छन्
- तिनीहरूमा भावनाहरू छन्
- तिनीहरूमा बौद्धिक क्षमता छ।

(५) स्वर्गदूतहरूलाई बुझाउन बाइबलमा प्रयोग गरिएका चार शब्दहरूको नाम लेख्नुहोस्।

- करूबहरु
- सराफहरू
- प्रधान दूत
- आत्माहरू

(६) परमेश्वरको सेवा गर्ने मानिसहरूका लागि स्वर्गदूतहरूले गर्ने काम के हो?

उनीहरूले घेर्छन र सुरक्षा दिन्छन्।

(७) दुष्ट आत्माहरूको उत्पत्ति कसरी भयो?

दुष्ट आत्माहरू परमेश्वरको विरुद्धमा विद्रोह गर्ने स्वर्गदूतहरू हुन्

(८) वास्तवमा एउटा मूर्तिपूजकले के को आराधना गरिरहेको हुन्छ?

भूत आत्माहरू/दुष्ट आत्माहरू

(९) शैतान र अन्य दुष्ट आत्माहरूको अन्तिम गन्तव्य के हो?

अग्नी -कुण्ड

(१०) आत्मिक आक्रमणबाट आफूलाई जोगाउन विश्वासीहरूले के गर्नुपर्छ?

आत्मिक हातहतियार प्रयोग गर्नुपर्छ (एफिसी ६:१३)।

# पाठ ७

# ख्रीष्ट

(१) मसीहको प्राथमिकता के थियो?

आफ्ना मानिसहरूलाई पापबाट छुटकारा दिनु थियो।

(२) प्रारम्भिक मण्डलीले "येशु प्रभु हुनुहुन्छ" भन्नुको अर्थ के थियो?

उहाँ सबैका प्रभु, सृष्टिकर्ता र ब्रह्माण्डको परमेश्वर हुनुहुन्छ।

(३) येशु कसरी अद्‌वितीय रूपमा परमेश्वरको पुत्र हुनुहुन्छ?

उहाँ पिताको स्वभावलाई पूर्णरूपमा धारण गर्ने एक मात्र प्राणी हुनुहुन्छ

(४) देहधारण भनेको के हो?

परमेश्वरले मानव शरीर धारण गर्दै, मानिस बन्नु हो।

(५) येशु मानिस बन्नु महत्त्वपूर्ण छ भन्ने तीनवटा कारणहरू सूचीबद्‌ध गर्नुहोस्।

- उहाँ कष्ट भोग्न र बलिदानको रूपमा मर्न सक्नु हुन्छ।
- उहाँको धार्मिकताले हामीलाई धर्मी बनाउन र जीवन दिन सक्छ।
- उहाँ परमेश्वरको अघि हाम्रो प्रतिनिधित्व गर्ने पूजाहारी बन्न सक्नुहुन्छ।

(६) येशु परमेश्वर हुनुहुन्छ भनी जान्नको लागि महत्त्वपूर्ण तीनवटा कारणहरू सूचीबद्‌ध गर्नुहोस्।

- उहाँको बलिदानमय मृत्यु अनन्त मूल्यको छ
- उहाँसँग हाम्रो उद्‌धार गर्ने शक्ति।
- हामीले पितालाई जसरी उहाँको आराधना गर्नुपर्छ।

(७) बलिदान आवश्यक थियो भन्ने कुनै दुई कारण लेखुहोस?

- परमेश्वरले हामीलाई क्षमा गर्दा आफू न्यायी र पवित्र नै भएको देखिन
- पाप धेरै गम्भीर कुरा हो भनेर देखाउन

(८) किन येशु अरू तरिकाले होइन तर क्रूसमा नै मर्नुभयो?

यसले देखाउँछ कि उहाँले आफैंमा परमेश्वरको श्राप लिनुभयो।

(९) येशुको शारीरिक पुनरुत्थान महत्त्वपूर्ण थियो भन्ने तीनवटा कारणहरू सूचीबद्ध गर्नुहोस्।

- यसले पाप र मृत्युत्युमाथि उहाँको पूर्ण विजय देखाएको छ।
- यसले हामीलाई आश्वा सन दिन्छ कि हामी पनि मृतकबाट पुनरुत्थान हुनेछौं।

# पाठ ८

# मुक्ति

(१) क्रूस किन धेरै मानिसहरूको लागि अपराध हो?

क्रूसको अर्थ तिनीहरू पापी हुन् जसलाई क्षमा चाहिन्छ भन्ने हो।

(२) प्रत्येक पश्चात्ताप नगर्ने पापीको बारेमा सत्य हुने चारवटा कुराहरू सूचीबद्ध गर्नुहोस्।

- हरेक पापी पापका धेरै कार्यहरूका लागि दोषी छ।
- पश्चात्ताप नगर्ने पापी परमेश्वरको शत्रु हो।
- पापी आफ्नो इच्छामा भ्रष्ट हुन्छ।
- पापी आफ्नो अवस्था परिवर्तन गर्न शक्तिहीन छ।

(३) प्रायश्चित बिनाको क्षमाले किन परमेश्वरको अपमान गर्छ?

यसले उहाँलाई अन्यायपूर्ण र अपवित्र देखाउनेछ।

(४) कुन दुई तरिकामा येशु बलिदान हुन योग्य हुनुभयो?

- उहाँ पापरहित हुनुहुन्थ्यो।
- उहाँ परमेश्वर र मानिस दुवै हुनुहुन्थ्यो।

(५) पश्चात्ताप गर्ने पापीको दृष्टिकोण के हो?

- उसले आफू लाई दोषी र सजायको योग्य ठान्छ।
- ऊ आफ्ना पापहरूबाट फर्कन इच्छुक हुन्छ।

(६) यदि कसैसँग मुक्ति दिने विश्वास छ भने, उसले के विश्वास गर्छ?

- उसले आफूलाई धर्मी ठहराउन केही गर्न सक्दैन।
- ख्रीष्टको बलिदान उहाँको क्षमाको लागि पर्याप्त छ।
- येशु मृत्युबाट जीवित भई उठ्नुभयो, पाप र मृत्युलाई जित्नुभयो।
- परमेश्वरले उहाँमाथिको विश्वासद्वारा मात्र क्षमा गर्नुहुन्छ।

(७) कुनै व्यक्तिले मुक्ति पाएको छ भनी पक्का गरी कसरी थाह पाउन सक्छ?

- साँच्चै पश्चाताप गरेर
- धर्मशास्त्रमा भएको परमेश्वरको प्रतिज्ञामा विश्वास गरेर
- आत्माको साक्षी ग्रहण गरेर

# पाठ ९

# मुक्तिका मुद्दाहरू

(१) १ यूहन्नाको मुख्य विषयवस्तु के हो?

व्यक्तिगत मुक्तिको निश्चयता

(२) विश्वासीको कुन विशेषतालाई १ यूहन्नाले सबैभन्दा बढी जोड दिन्छ?

पापमाथि विजय।

(३) १ कोरिन्थी १०:१३ बाट हामी कुन चार कुराहरू जान्दछौं?

- हाम्रो मनुष्यत्वको कारणले परीक्षा आउँछ।
- परमेश्वरलाई हाम्रो सीमा थाहा छ।
- परमेश्वरले हामीमा आउने परीक्षाहरूलाई सीमिगमत गर्नुहुन्छ।
- हामीलाई विजयको लागि चाहिने कु रा परमेश्वरले प्रदान गर्नुहुन्छ।

(४) विश्वासी कसरी ख्रीष्टमा निरन्तर रहिरहन्छ?

ख्रीष्टका आज्ञाहरू पालन गरेर

(५) हामी कसरी ख्रीष्टसँग बचाइने सम्बन्ध कायम राख्छौं?

परमेश्वरमा भरोसा र आज्ञापालन गरेर

# पाठ १०

# पवित्र आत्मा

(१) पवित्र आत्माप्रति प्रारम्भिक मण्डलीको प्रतिक्रियाका तीनवटा विशेषताहरू सूचीबद्ध गर्नुहोस्।

- तिनीहरूले उहाँको ईश्वरत्वमा पवित्र आत्मालाई सम्मान गरे।
- तिनीहरू पवित्र आत्माको उपस्थिति, निर्देशन र गतिविधिको बारेमा सचेत थिए
- तिनीहरूले पवित्र आत्मामा आफ्नो निर्भरता र उहाँलाई प्रतिक्रिया दिने आफ्नो जिम्मेवारी महसुस गरे।

(२) पवित्र आत्मा एक व्यक्ति हुनुहुन्छ भनेर हामीले कसरी थाहा पाउन सक्छौं?

पवित्र आत्माको दिमाग, इच्छा र भावनाहरू छन्

(३) पवित्र आत्मा परमेश्वर हुनुहुन्छ भनेर हामीले थाहा पाउने पाँचवटा तरिकाहरू सूचीबद्ध गर्नुहोस्।

- पवित्र आत्माले सबै कुरा जान्नुहुन्छ।
- पवित्र आत्मा जताततै उपस्थित हुनुहुन्छ।
- पवित्र आत्मासँग सबै शक्ति छ।
- पवित्र आत्माको निन्दा गर्न सकिन्छ।
- पवित्र आत्मा अनन्त हुनुहुन्छ।

(४) पवित्र आत्माका नौ कार्यहरू सूचीबद्ध गर्नुहोस्। (कुनै पनि नौवटा)

- उहाँले पापको दोषी ठहराउनुहुन्छ
- उहाँले पापमा मरेको व्यक्तिलाई जीवन दिएर पुनर्जीवित गर्नुहुन्छ।
- उहाँले विश्वासीले मुक्ति पाएको छ भनी व्यक्तिगत निश्चयता दिनुहुन्छ।
- उहाँ हरेक विश्वासीमा निवास गर्नुहुन्छ
- उहाँले परमेश्वरको सत्यताको समझ दिनुहुन्छ।
- उहाँले मानिसहरूलाई विशेष सेवाकाइमा बोलाउनुहुन्छ र सेवाकाइको निर्णयहरूमा मार्गदर्शन गर्नुहुन्छ।
- उहाँले विश्वासीलाई पवित्र बनाउन, उसको हृदयलाई शुद्ध पार्नु हुन्छ।
- उहाँले पापमाथि विजयी भएर बाँच्नको लागि शक्ति दिनुहुन्छ
- उहाँले विश्वासीको जीवनमा आत्मिक फल फलाउनु हुन्छ।
- उहाँले सेवाको लागि वरदानहरू दिनुहुन्छ।
- उहाँले सेवाको लागि शक्तिको विशेष अभिषेक दिनुहुन्छ।
- उहाँले विश्वासीलाई परमेश्वरको इच्छा अनुसार प्रार्थना गर्न मद्दत गर्नुहुन्छ।
- उहाँले मण्डलीको एकता र सङ्गति सिर्जस्ाफना गर्नु हुन्छ।

(५) हाम्रो जीवनमा उहाँको कामको लागि पवित्र आत्माको सर्वोच्च प्राथमिकता के हो?

हामीलाई पापमाथि विजय दिन र हाम्रो हृदय शुद्ध गर्न

# पाठ ११

# ख्रीष्टियान पवित्रता

(१) पवित्र को आधारभूत अर्थ के हो?

संसारबाट अलग हुनु, एक उद्‌देश्यमा समर्पित हुनु।

(२) परमेश्वरको लागि पवित्र हुनुको अर्थ के हो?

परमेश्वर आफ्नो ईश्वरीय व्यक्तित्व र स्थानको हकमा कुनै पनि पापी, अशुद्‌ध, सामान्य, साधारण वा अनुपयुक्तबाट पूर्णरूपमा अलग हुनुहुन्छ।

(३) आराधना गर्न पवित्रता किन महत्त्वपूर्ण छ?

- हामी परमेश्वरलाई प्रेम गर्छौं र उहाँ जस्तै बन्न चाहन्छौं।
- हामी परमेश्वरलाई प्रेम गर्छौं र उहाँलाई खुशी पार्न चाहन्छौं।

(४) ख्रीष्टियान पवित्रता कहिले सुरु हुन्छ?

जब एक व्यक्ति बचाइन्छ

(५) ज्योतिमा हिड्नुको अर्थ के हो?

हामीले उहाँको सत्यताको बारेमा अझ बढी सिक्दैगर्दा परमेश्वरको आज्ञा पालन गर्न जारी राख्नुपर्छ।

(६) आजीवन पवित्रीकरणको प्रक्रियामा विश्वासीलाई के हुन्छ?

एक विश्वासी पाप र संसारबाट बढ्‌दो रूपमा अलग हुन्छ, र बढ्‌दो रूपमा परमेश्वरमा समर्पित हुन्छ।

(७) वंशानुगत भ्रष्टता भनेको के हो?

मानिसको नैतिक स्वभावको भ्रष्टताले उसलाई जन्मदेखि नै पापतिर झुकाउँछ

(८) प्रभु फर्कनुहुँदा एक विश्वासी कसरी शरीर, प्राण र आत्मामा निर्दोष हुन सक्छ?

पटक पटक पवित्र भएर

# पाठ १२

# मण्डली

(१) मण्डलीको युग कहिले सुरु भयो?

पेन्तिकोसको दिनमा

(२) मण्डलीलाई किन प्रेरितीय भन्न सकिन्छ?

किनकि प्रेरितीय शिक्षाहरू मण्डलीको आधारभूत सिद्धान्तहरू हुन्

(३) मण्डलीको उत्पत्तिको चार पक्षहरू के हुन्?

- येशुको सेवकाई
- ख्रीष्टद्वारा प्रदान गरिएको मुक्ति
- पेन्तिकोसको दिनमा भएको घटना
- प्रेरितिय सिद्धान्तको विकास

(४) विश्वव्यापी मण्डली को हो?

सबै समयहरू र स्थानहरूका सबै विश्वासीहरू

(५) स्थानीय मण्डली के हो?

स्थानीय मण्डली भनेको एक ठाउँमा विश्वास गर्नेहरूको समुदाय हो जसले सँगै ख्रीष्टको शरीरको काम गर्छन्।

(६) *क्याथोलिक मण्डलीको* मूल अर्थ के थियो?

सबै ख्रीष्टियानहरुलाई समेट्ने सर्वव्यापी मण्डली, वा विश्वव्यापी मण्डली

(७) कुन दुई कुरामा विश्वव्यापी मण्डली सहमत छ?

- प्रेरितहरूको सिद्धान्तहरू
- रूपान्तरण गर्ने ख्रीष्टसँगको सम्बन्ध

(८) मण्डलीसँग आफू सहमत भएको सिद्धान्तहरूको लिखित सार हुनु किन राम्रो हुन्छ?

यसले कुन सिद्धान्तहरूले विश्वासीहरूको समूहलाई नजिक र नियमित आराधना र सेवाको लागि एकताबद्ध गर्दछ भनीदेखाउँछ।

(९) स्थानीय मण्डलीका छ वटा उद्देश्यहरू सूचीबद्ध गर्नुहोस्। (कुनै पनि छवटा)

- सुसमाचार प्रचार
- मण्डलीको रूपमा आराधना गर्ने
- धर्मसिद्धान्त कायम राख्ने
- पास्टरहरूलाई आर्थिक रूपमा सहयोग गर्ने
- मिसनरीहरू पठाउने र सहयोग गर्ने
- खाँचोमा परेका सदस्यहरूलाई साहयता गर्ने
- पापमा परेका सदस्यहरूलाई अनुशासनमा राख्ने
- बप्तिस्मा र प्रभुको भोज अभ्यास गर्ने
- विश्वासीहरू परिपक्व बनाउने
- समुदायको आवश्यकताहरू पूरा गर्ने

# पाठ १३

# अनन्त नियति

(१) स्वर्गको प्राथमिक गतिविधि के हो?

आराधना

(२) स्वर्गमा नहुने चारवटा कुराहरूको सूची बनाउनुहोस्। (कुनै चार)

- पाप
- पिडा
- दुःख
- द्वन्द्व
- खतरा
- रोग
- बुढ्यौली
- मृत्यु

(३) स्वर्ग को जान्छन्?

पापबाट पश्चात्ताप गर्ने र येशु ख्रीष्टलाई मुक्तिदाता र प्रभुको रूपमा विश्वास गर्नेहरू

(४) विश्वासीहरू कहिले स्वर्गमा जान्छन्?

मृत्युमा वा येशुको पुनरागमन

(५) बाइबलले हामीलाई नरकको बारेमा के तीनवटा कुरा बताउँछ?

- नरक अनन्त छ
- यो अपरिवर्तनीय छ।
- यो पीडादायी छ।

(६) व्यक्तिले आफ्नो हात काट्नु पर्छ भनेर येशुले के भन्न खोज्नु भएको थियो? (मत्ती ५:३०)।

पाप र नरकमा पुर्‍याउने कुनै पनि काम गर्न बन्द गर्नुहोस्।

(७) नरक अनन्त छ भन्ने तीन कारणहरू सूचीबद्ध गर्नुहोस्।

- पाप एक असीम परमेश्वर विरुद्धको अपराध हो।
- पश्चाताप नगर्ने पापीहरूले परमेश्वरको अनन्त सेवालाई अस्वीकार गर्छन्।
- हामी अनन्त प्राणीहरू हौं, यदि हामीले परमेश्वरबाट अलग हुने छनौट गर्‍यौं भने हाम्रो जाने अर्को ठाउँ छैन।

# पाठ १४

# अन्तिम घटनाहरू

(१) बाइबलीय अगमवाणीमा दिइएका अन्तिम घटनाहरूको बारेमा चार आवश्यक सत्यहरू के हुन्?

- येशुको भौतिक पुनरागमन
- सबै मानिसको शारीरिक पुनरुत्थान
- न्याय
- परमेश्‍वरको अनन्त राज्य

(२) येशु फर्किंदा ख्रीष्टियानहरूलाई के हुनेछ?

- मरिसके पुनरुत्थान हुनेछन्।
- सबै ख्रीष्टियानहरूको प्रभुलाई भेट्न पुनरुत्थान हुनेछ।

(३) हामीले येशुको आगमनको लागि कसरी पर्खनुपर्छ?

- अनन्त प्राथमिकताहरू राखेर
- पवित्रतामा जीवन बिताएर
- प्रार्थनाद्वारा आत्मिक रूपमा आफूलाई सुरक्षित राख्दै

(४) पुनरुत्थानको सिद्धान्त किन आवश्यक छ?

- येशु मृत्युबाट जीवित भई उठ्नुभएको हो।
- सबै मानिसहरू जीवित भई उठाइनेछन्।
- शरीरको अनन्त मुल्य छ।
- सुसमाचार सत्य छ।

(५) न्यायको बारेमा जान्दा, हामी के चार कुरा बुझ्नेछौं?

- पापको महत्त्व
- परमेश्‍वरप्रति हाम्रो जवाफदेहिता
- हाम्रो छनोटको महत्त्व
- सबै पापको अन्त्य

# पाठ १५

# प्राचीन विश्वासका मतहरू

(१) विश्वासको मत भनेको के हो?

विश्वासहरूको सारांश विश्वासको मत हो।

(२) येशुको बारेमा पहिलो सैद्धान्तिक कथनमध्ये दुई को नाम दिनुहोस्।

- येशु प्रभु हुनुहुन्छ
- प्रभु येशु ख्रीष्ट

(३) धर्मशास्त्रमा पहिलो विश्वासको सारको सन्दर्भ के हो जसले धेरै कथनहरू बनाउँछ?

१ तिमोथी ३:१६

(४) प्रेरितहरूको विश्वासको मतको उद्देश्य के थियो?

प्रेरितहरूको सिद्धान्तहरू व्यक्त गर्न

(५) नाइसीयन विश्वासको सारको उद्देश्य के थियो?

ख्रीष्टको ईश्वरत्व र पवित्र आत्माको सिद्धान्तहरूको रक्षा गर्न

(६) चाल्सेडोसियन विश्वासको सारको उद्देश्य के थियो?

ख्रीष्टको देहधारणका सिद्धान्तहरूको रक्षा गर्न नै थियो